**नेकपा (एमाले) ललितपुर महानगर कमिटी**
**स्थानीय निर्वाचन - २०७९**
**प्रतिबद्धता पत्र**

**" सुशासन, समृद्धि र समाजवादको आधार,**
**ललितपुर महानगरपालिकामा एमालेको सरकार "**

# ऐतिहासिक ललितपुर नगर समृद्ध सांस्कृतिक शहर

**महानगर विकासका पाँच स्तम्भहरु :** किफायती(Affordable), समावेशी(Inclusive), प्रकोप प्रतिरोधी (Disaster Resilient), दिगोपन(Sustainability), सम्वृद्धि(Economic Prosperity) को नीति लिइनेछ ।

- महानगरका न्यूनतम मापदण्ड भित्र पर्ने महानगरीय हस्पिटल सार्वजनिक यातायात सभाहल लगायतका संरचनाका लागि संभाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन तयार गरीनेछ ।
- स-साना नानीहरुका लागि शिशु स्याहार केन्द्र, ज्येष्ठ नागरिकहरुका लागि योग, ध्यान, कसरत, मनोरञ्जन एवं जीवन कहानी साटासाट गर्न स्वास्थ्यकर्मी सहितको हेरचाह केन्द्र, लागू औषध, दुर्व्यशनिबाट पिडीतहरुका लागि पुर्नस्थापना मार्फत जीवन सुधार, मनो-सामाजिक, मानसिक, पारिवारिक एवं सामाजिक द्वन्द व्यवस्थापन परामर्श केन्द्र संचालन गर्ने ।
- स्वच्छ, शान्त बसाईका लागि टिपर, ट्रकको रुट एवं बालुवा, गिटी, ढुङ्गा खानी तथा डिपो क्षेत्र निर्धारण, सरकारी तथा निजी निर्माणबाट सृजित धुलो मैलो व्यवस्थापनमा कडाई गर्ने ।
- निःशुल्क फोहोर संकलन, निजी, समुदाय एवं पालिका साझेदारीमा फोहोरबाट मोहोर कार्यक्रम संचालन, फोहोर सेग्रीगेसन नीतिमा कडाई गरीनेछ ।
- बिकेन्द्रिकृत ढल व्यवस्थापन, नदि किनाराहरुमा ढल प्रशोधन केन्द्र, फोहर पानी प्रशोधन मार्फत पुनर्भरण कार्यक्रम संचालन गर्ने ।
- बालबालिकाको मष्तिष्कको विकासमा आधारित वैज्ञानिक बाल शिक्षा ।
- रोजगारमुलक, व्यवहारिक, समाज विकासको आवश्यकता बमोजिमको प्राविधिक शिक्षा ।
- व्यवहारिक, सिपमुलक, स्वरोजगारमुलक, उद्यमशिलता उन्मुख तालिम एवं शिक्षा
- आहार विहार शिक्षा, योग, आयुर्वेद, व्यायाम, मनोरञ्जन तथा ध्यान केन्द्र संचालन
- ल्याब, लाईब्रेरी, आधुनिक भौतिक पूर्वाधार, तालिम प्राप्त शिक्षक सहित साधन स्रोत सम्पन्न सामुदायिक विद्यालय ।
- **"जनताको स्वास्थ्य हाम्रो सरोकार"** अनिवार्य स्वास्थ्य बिमा अभियान ।
- प्रत्येक वडामा सुविधा सम्पन्न स्वास्थ्य चौकी मार्फत निःशुल्क स्वस्थ्य परिक्षण एवं औषधी ।
- घर नक्शा पास प्रकृयालाई छिटो, छरितो र पारदर्शी बनाउन डिजिटल नक्शा ।
- स्वस्थ्य जीवनका लागि स्वच्छ पानी, एक वडा कम्तीमा २ सार्वजनिक धारा ।
- प्रत्येक वडामा कम्तीमा एउटा सुविधायुक्त आधुनिक सार्वजनिक शौचालयहरुको व्यवस्था ।
- प्राकृतिक मूल एवं वर्षातको पानी ग्रहणका लागी सम्भावित स्थानमा पोखरी मार्फत जमीन पुनर्भरण प्रणाली स्थापना ।
- भित्री एवं मुख्य सडक क्षेत्रमा बत्तिको व्यवस्था, घनाबस्ती, सुरक्षा जोखिम भएका क्षेत्र एवं मुख्य चोकहरुमा CCTV र सेक्युरिटी साइरन जडान गरी महानगर मार्फत निगरानी ।
- प्रत्येक वडामा कम्तीमा विभिन्न ३ स्थानमा फ्रि वाईफाईको व्यवस्था ।
- सहुलियत मूल्यमा विद्युतीय चुल्हो, पर्यावरणमैत्री शहरका लागी विद्युतीय सवारी प्रवर्धन ।
- ऐतिहासिक, साँस्कृतिक तथा धार्मिक हिसाबले महत्वपूर्ण स्थलहरु समेटेर धार्मिक पर्यटन सर्किटको विकास ।
- प्रत्येक वडामा गृहिणी क्षमता विकास तथा सशक्तिकरण शिक्षा मार्फत रोजगारमुलक विशेष अभियान ।
- निजी, सहकारी, पालिकाको सहकार्यमा हस्तकला मल निर्माण गरी हस्तकला, शिल्पकला, काष्ठकला, प्रस्तरकलालाई विश्व बजारमा पहुँच ।
- होटल तथा लज, होमस्टे, स्थानीय प्राङ्गारिक र रैथाने परिकार प्रर्वधनका लागि कार्यक्रम ।
- युवाहरुलाई उच्चशिक्षा अध्ययनमा वित्तीय सहयोग, महानगरीय युवा स्वयं सेवक समूह गठन ।
- पूर्वाधार सहितको खेल मैदान, व्यायामशाला, आधुनिक उद्यान, विचरण पार्क, युवाहरुलाई व्यवसायिक खेलकुदका लागि मेयरसंग खेलाडी कार्यक्रम, निःशुल्क खेल सामाग्री ।
- भाषा, कला, साहित्य, संस्कृति, संगीत, नृत्यको संरक्षण र विकासका लागि प्रतिष्ठान स्थापना ।
- मौलिक जात्रा तथा पर्वहरुको साँस्कृतिक पहिचान र प्रवर्धनका लागि विशेष अनुदान कोष व्यवस्थापन ।
- चौतारी, फल्चा, हिटी, पोखरी, पाटी पौवा, गुठी, राजकुलो, चिहान, सार्वजनिक जग्गा पहिचान संरक्षण एवं मर्मत संभारका लागि बजेट एवं कोष व्यवस्था ।
- समुदाय हरित कार्यक्रम : सार्वजनिक स्थान एवं सडक पेटीमा फलफुलजन्य तथा अधिक अक्सिजन प्रदायक वृक्षारोपण ।
- व्यावसायिक कृषि मुखि अनुदान, तालिम, प्राविधीक सहयोग एवं बजार ।
- एक घर एक करेसाबारी, बाह्रै महिना हरियो तरकारी ।
- कृषिमा आधारित उद्योगधन्दाहरुको बजार व्यवस्थाका लागि कृषक सहकारी, निजी एवं पालिकाको समन्वय ।
- व्यवसायिक कृषि मुखि अनुदान, तालिम, प्रविधीक सहयोग एवं बजार व्यवस्थापन
- उद्यमशिलता विकास इकाई मार्फत एक घर एक रोजगारी ।
- पालिकामा रहेको शहरी गरिबी निर्मूलका लागि विशेष कार्यक्रम संचालन गर्ने ।
- सहकारीकरणका माध्यमबाट व्यावसायिक कृषि, परम्परागत काष्ठकला उद्यम, महिला सशक्तिकरण ।
- प्रत्येक दिन छ बजे अगावै सडक सफाई, अस्पतालजन्य फोहरको लागि autoclave सहितको व्यवस्था ।
- विपद् उद्धार तथा राहतका लागि आवश्यक सामग्रीहरु सहितको 'आपत्कालिन उद्धार केन्द्र' स्थापना ।
- उपभोक्ताहरुको हित संरक्षण, कालाबजारी र नाफाखोर प्रवृत्तिलाई निरुत्साहित र नियन्त्रण ।
- सीपमूलक तालिम लिएर सोही पेशा व्यवसाय गर्नेलाई पालिकाको सम्पूर्ण कर पाँच वर्ष सम्म छुट ।
- विदेशमा आर्जन गरेको ज्ञान, सीप, दक्षताका आधारमा सोही पेशा व्यवसाय गर्नेलाई पालिकाको सम्पूर्ण कर पाँच वर्ष सम्म छुट ।
- कृषि, औद्योगिक एवं घरेलु उत्पादनको उपयुक्त मूल्य प्राप्त गर्न ई-कमर्स प्रणालीको विकास ।

- पूँजी निर्माण र परिचालन, वित्तीय साक्षरता कार्यक्रम र युवा उद्यमशीलतासंग सहकारी ।
- प्रत्येक घरहरुमा घर नम्वरिङ्ग गरी सेवा प्रवाह तथा सूचना प्रणालीलाई व्यवस्थित तुल्याईने ।
- सार्वजनिक एवं सरकारी सम्पतिको अभिलेख संकलन, संरक्षण र व्यवस्थापन गरिने
- पालिका भित्र अस्थायी बसोबास गर्ने स्वदेशी तथा विदेशी नागरिकहरुको अनिवार्य रजिष्ट्रेशन ।
- सेवाहरुको विकेन्द्रीकरण नीति लिई सम्पूर्ण वडालाई सेवा प्रवाह केन्द्रको रुपमा विकास गरिने ।
- निजी, समुदाय एवं पालिकाको सहभागीतामा जग्गा तथा बस्ती एकिकरण मार्फत व्यवस्थित शहरीकरण कार्यक्रम लागु गरीनेछ ।
- शहरी गरीबहरुका लागी विद्युत एवं खानेपानीमा पहुँच ।
- टोल फ्रि नम्बर लगायतबाट सहजै गुनासा सुनुवाई एंव समाधानका लागि “हेलो मेयर” कार्यक्रम ।
- स्वच्छ र दक्ष प्रशासन, ललितपुरको सुशासन, भ्रष्टाचारमा शून्य सहनशीलता अभियान सञ्चालन ।
- महानगरको बिगत चार वर्षको झण्डै सवा दुई अर्बको बेरुजु लगायत बिगतको बेरुजुलाई फर्च्यौट गर्न गराउन पहल गरी आगामी वर्षहरुमा न्यून बेरुजु अभियान सञ्चालन ।
- निर्माण एवं उपभोगमा स्वदेशी वस्तुको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- विद्युतीय सुशासन योजना तयार पारी E-Governnance अवधारणा अवलम्वन गरिने ।
- जनप्रतिनिधिहरुको कार्य सम्पादनमा पारदर्शिता ल्याउन ‘जनप्रतिनिधि आचार संहिता, कार्यकाल शुरु गर्दाकै बखत, हरेक वर्ष श्रावण महिना भित्र तथा कार्यकाल सकिनु एक महिना अगाडि सबै प्रतिनिधीको आ–आफ्नो तथा परिवारको सम्पत्ति विवरण सार्वजनिक गरिनेछ ।
- महानगरमा प्रभावकारी अध्यन अनुसन्धान केन्द्र स्थापना गरिनेछ ।
- “मैले तिरेको कर मेरै लागि“ प्रगतिशिल कर तथा शुल्क प्रणाली , करको दर होइन दायारा विस्तार ।
- राजश्वका श्रोतहरुको पहिचान एंव विस्तारका लागि ‘पञ्चवर्षिय राजश्व परिचालन कार्ययोजना ।
- सामुदायिक कुकुर र छाडा चौपाया व्यवस्थापनको लागि कान्जी हाउसको व्यवस्था प्राकृतिक इको सिस्टम संरक्षणमा ध्यान दिई वन्यजन्तु तथा चराचुरुङ्गीको बासस्थान संरक्षण ।

## “आठ सूर्य सात छाप, नेकपा (एमाले) जिन्दावाद !”

| क्रम | मेयर | उप-मेयर | वडा अध्यक्ष | महिला वडा सदस्य | दलित महिला वडा सदस्य | वडा सदस्य दुई जना (दुई कोलमभित्रका कुनै दुई कोठामा मात्र मत सङ्केत गर्नुहोस्) | |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |

**मेरो वडा म जिताऊ छु, हाम्रो पालिका हामी जिताऊँछौं !**

**नेकपा (एमाले)**
**ललितपुर महानगर निर्वाचन परिचालन कमिटी**
**e-mail: ncplalitpur2075@gmail.com**
**www.cpnumllalitpur.org**

## “सुशासन, समृद्धि र समाजवादको आधार, ललितपुर महानगरपालिकामा एमालेको सरकार”



क. हरिकृष्ण ब्यञ्जनकार
मेयर पदका उम्मेदवार



क. मञ्जली शाक्य (आस्था)
उप-मेयर पदका उम्मेदवार

## स्थानीय तह निर्वाचन २०७९




## नेकपा (एमाले)
# प्रतिबद्धता पत्र

| क्रम | मेयर | उप-मेयर | वडा अध्यक्ष | महिला वडा सदस्य | दलित महिला वडा सदस्य | वडा सदस्य दुई जना (दुई कोलमभित्रका कुनै दुई कोठामा मात्र मत सङ्केत गर्नुहोस्) | |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |